# स्थानीय राजपत्र

## राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्डः ४) तिनपिप्ले, लमजुङ मितिः २०७९/१२/१७ (संख्याः १)


### भाग १

### शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड-२०७९

### प्रस्तावना

शैक्षिक संस्थालाई व्यवस्थित ढंगले सञ्चालन गर्न, शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, शैक्षिक संस्थामा क्रियाशिल जनशक्तिलाई उत्साह प्रदान गर्न विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, बाल बिकास सहजकर्ता, विद्यार्थी र विद्यालय कर्मचारीलाई कामको उचित मुल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गर्न, नगरपालिकाबाट प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित एवं पारदर्शी बनाई कार्यान्वयन गर्न, राइनास नगरपालिकामा विद्यालय शिक्षा व्यवस्थापन गर्न बनेको नगर शिक्षा कार्यविधि, २०७५ को दफा ७६ उद्धेश्य पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले प्रदान गरेको अधिकार प्रयोग गरी नगर सभाले यो शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७९ स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यस मापदण्डको नाम "शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७९" रहेको छ।

१.२. यो मापदण्ड नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) "मापदण्ड" भन्नाले शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७९ लाई बुझाउनेछ।

ख) "नगरपालिका" भन्नाले राइनास नगरपालिकालाई बुझाउनेछ।

ग) "सामुदायिक विद्यालय" भन्नाले नगरपालिकाको शिक्षा कार्यविधि २०७५ र शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुलाई वुझाउँछ।

घ) “विद्यालय व्यवस्थापन समिति” भन्नाले नगरपालिकाको शिक्षा कार्यविधि २०७५ र शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिका भित्र संचालित विद्यालयहरुमा गठन भएका विद्यालय व्यवस्थापन समितिलाई बुझाउनेछ।

ङ) “शिक्षक अभिभावक संघ” भन्नाले नगरपालिकाको शिक्षा कार्यविधि २०७५ र शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिका भित्र संचालित विद्यालयहरुमा गठन भएका शिक्षक अभिभावक संघ बुझाउनेछ।

च) “प्रधानाध्यापक” भन्नाले नगरपालिका भित्र संचालित विद्यालयका प्रधानाध्यापकहरुलाई वुझाउनेछ।

छ) “शिक्षक” भन्नाले राइनास नगरपालिका भित्र रहेका विद्यालयमा कार्यरत सम्पूर्ण प्रकारका तह र श्रेणीका शिक्षकहरुलाई सम्झनु पर्दछ।

ज) “बाल बिकास सहजकर्ता” भन्नाले राइनास नगरपालिका भित्र रहेका विद्यालयका बाल विकास केन्द्रका सहयोगी कार्यकर्तालाई सम्झनु पर्दछ।

झ) “विद्यार्थी” भन्नाले राइनास नगरपालिका भित्र रहेका विद्यालयमा कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु सम्झनु पर्दछ। यसले कुनै पनि विद्यालयबाट यसै वर्ष बार्षिक परीक्षामा सहभागी भएका विद्यार्थीहरुलाई समेत जनाउनेछ।

ञ) “विद्यालय कर्मचारी” भन्नाले राइनास नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका विद्यालयका कर्मचारीलाई सम्झनु पर्दछ।

ट) “पुरस्कार तथा सम्मान” भन्नाले उत्कृष्ट कार्यसम्पादन तथा नतिजा प्राप्त गरे वापत कुनै पनि व्यक्ति, संस्था वा समितिलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मानपत्रलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## अवधारणा तथा लक्ष्य

### ३. मापदण्डको अवधारणाः

नगरपालिकाभित्र संचालित विद्यालयको शैक्षिक वातावरणमा सुधार गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन उत्कृष्ट कार्यसम्पादन गर्ने व्यक्ति, संस्था र समितिलाई निष्पक्ष रुपमा सम्मान तथा पुरस्कार प्रदान गरी शिक्षक, विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गर्नु यस मापदण्डको अवधारणा रहेको छ।

### ४. मापदण्डको उदेश्यः

यस मापदण्डका उद्धेश्यहरु देहाय अनुसार रहेका छन्:

क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्ने।

ख) सम्मान तथा पुरस्कारलाई पारदर्शी बनाउने।

ग) विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको मुल्याङ्कनको आधार तय गर्ने।

घ) सम्मान तथा पुरस्कार छनौट तथा प्रदान गर्ने विधिको निर्धारण गर्ने।

## परिच्छेद-३
## छनौट प्रक्रिया

**५. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौटः**

क) पुरस्कार तथा सम्मानको संख्या, प्रकार तथा रकम नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

ख) नगरपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मान पाउने प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, बाल बिकस सहजकर्ता, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको अन्तिम नामावली नगर शिक्षा समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

ग) विद्यालय, प्रधानाध्यापक, शिक्षक, बाल बिकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यसम्पादन तथा नतिजाको मुल्याङ्कनको आधार परिच्छेद ४ ले तोके बमोजिम हुनेछ।

घ) पुरस्कार तथा सम्मानको लागि तथ्याङ्क संकलन, मुल्याङ्कन तथा सम्भावित नाम सिफारिसको लागि नगर शिक्षा समितिले देहायको उपसमिति गठन गर्न सकिनेछ। उक्त उपसमितिको कार्यविधि नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

| | |
|---|---|
| समाजिक विकास समिति संयोजक | -संयोजक |
| शिक्षा शाखा अधिकृत | -सदस्य |
| प्रशासन शाखा अधिकृत | -सदस्य |

ङ) उपसमितिको बैठक आवश्यकता अनुरुप वस्न सक्नेछ।

च) यस कार्यविधिमा अन्यत्र जे व्यवस्था गरिएको भए पनि विद्यालयबाट सिफारिस भए वा नभएता पनि नगरको शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरुलाई समेत नगर शिक्षा समितिले निर्णय गरि पुरस्कृत गर्न सकिनेछ।

तर विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, शिक्षक अभिभावक संघ, प्रधानाध्यापकले मापदण्डमा उल्लेख भए बमोजिमको सुचना बमोजिम प्रस्ताव अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-४
## मुल्याङ्कनको आधार

**६. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौटका मापदण्डहरुः**

**६.१. विद्यालय पुरस्कारको लागि छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ।**

क) तहगत विद्यार्थी सिकाई उपलब्धि- ४८ अंक

कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सिकाई उपलब्धी औसत GPA वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भरेर प्रमाण संलग्न गरी पठाउने।)

- ५० जनाभन्दा बढी विद्यार्थी सहभागी भएमा (औसत GPA x १२ )
- ४१-५० जना विद्यार्थी सहभागी भएमा (औसत GPA x ११ )
- ३१-४० जना विद्यार्थी सहभागी भएमा (औसत GPA x १० )
- २१-३० जना विद्यार्थी सहभागी भएमा (औसत GPA x ९ )
- २० जना भन्दा कम विद्यार्थी सहभागी भएमा (औसत GPA x ८ )

ख) वाह्य क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागिता- १५ अंक

- शैक्षिक मेला तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम-४ अंक
  (प्रथम- ४ अंक, द्धितीय- ३ अंक, तृतीय- २ अंक र सहभागिता- १ अंक)
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता- ४ अंक
  (प्रथम- ४ अंक, द्धितीय- ३ अंक, तृतीय- २ अंक र सहभागिता- १ अंक)
- नगरस्तरीय अन्य प्रतिस्पर्धा-७ अंक
  (निवन्ध, बक्तृत्वकला, हाजिरी जवाफ, नृत्य, गायन, खेलकुद, चित्रकला, गाउँखाने कथा, हस्तलेखन, गणित दौड) प्रत्येक विधामा प्रथम हुनेलाई १/१ अंक दिने।

ग) क्यालेन्डरको कार्यान्वयन, सन्दर्भ सामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजना अनुसार अध्यापन- २० अंक

- क्यालेन्डरको कार्यान्वयन- ४ अंक
- सन्दर्भ सामग्रीको प्रयोग- ४ अंक
- वार्षिक पाठयोजना निर्माण र प्रयोग- ४ अंक
- शैक्षिक योजना अनुसार अध्यापन- ४ अंक
- औषत विद्यालय खुल्ने दिन- ४ अंक
  - *२०० दिन भन्दा बढी विद्यालय खुलेमा- ४ अंक*
  - *१८१-२०० दिन विद्यालय खुलेमा- ३ अंक*
  - *१६१-१८० दिन विद्यालय खुलेमा- ० अंक*
  - *१५१-१६० दिन विद्यालय खुलेमा- ० अंक*
  - *१६० दिन भन्दा कम विद्यालय खुलेमा- ० अंक*

घ) भौतिक व्यवस्थापन, विद्यालय खुल्ने दिन, हाता व्यवस्थापन र सरसफाइ, कक्षाकोठा व्यवस्थापन, वातावरणीय व्यवस्थापन र सौन्दर्यता, फूलवारी व्यवस्थापन- ६ अंक

- भौतिक व्यवस्थापन- १ अंक
- हाता व्यवस्थापन र सरसफाइ- १ अंक
- कक्षाकोठा व्यवस्थापन- १ अंक
- वातावरणीय व्यवस्थापन र सौन्दर्यता- २ अंक
- फूलबारी व्यवस्थापन- १ अंक

ङ) प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थी पुरस्कार संख्या- ६ अंक

- प्रधानाध्यापक- १ अंक
- विद्यालय व्यवस्थापन समिति- १ अंक
- शिक्षक अभिभावक संघ- १ अंक
- शिक्षक- १ अंक
- बाल बिकास सहजकर्ता- १ अंक
- विद्यार्थी- १ अंक

च) विद्यार्थी शिक्षक पोशाक र परिचय पत्र- ५ अंक

**६.२. प्रधानाध्यापक पुरस्कारको लागि प्रधानाध्यापक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ ।**

क) तहगत विद्यार्थी सिकाई उपलब्धि- ५० अंक

कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सिकाई उपलब्धी औसत GPA वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भरेर प्रमाण संलग्न गरी पठाउने ।)

- औसत विद्यार्थी सिकाई उपलब्धि ८० वा सो भन्दा बढी भएमा- ५० अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ६०-७९ भएमा- ४५ अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ५०-५९ भएमा- ४० अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ४०-४९ भएमा- ३५ अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ४० भन्दा कम भएमा- ३० अंक

ख) उपस्थिति र नियमितता- १० अंक

प्र.अ. आफूले भरेर वि.ब्य.स. अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने

- २०० दिन भन्दा बढी उपस्थित भए-१० अंक
- १८१-२०० दिन उपस्थित भए – ८ अंक
- १६१-१८० दिन उपस्थित भए- ७ अंक
- १५१-१६० दिन उपस्थित भए- ६ अंक
- १६० दिन भन्दा कम उपस्थित भए- ५ अंक

ग) योजना (५ वर्षे, १ वर्षे दुवै) निर्माण र योजना कार्यान्वयनको अवस्था- ५ अंक

घ) करार सम्झौता र कार्यान्वयनको अवस्था- ३ अंक

ङ) अनुशासन, पारदर्शिता र समूह व्यवस्थापन- ५ अंक

च) शिक्षा शाखाको मुल्याङ्कन- १० अंक

- शिक्षक पुरस्कार संख्या- २ अंक
- नियमित प्र.अ. बैठकमा उपस्थित- २ अंक
- नेतृत्व क्षमता-२ अंक
- नवप्रवर्द्धन र सिर्जनशीलता- २ अंक
- विद्यालय व्यवस्थापन समिति समयमा गठन- १ अंक
- शिक्षक अभिभावक संघ समयमा गठन- १ अंक

छ) विद्यालय मुल्याङ्कनको अवस्था- ५ अंक

- ८० भन्दा बढी अंक प्राप्त गरेमा- ५ अंक
- ६०- ७९ अंक प्राप्त गरेमा- ४ अंक
- ६० भन्दा कम अंक प्राप्त गरेमा- ३ अंक

ज) योजना कार्यान्वयन- १ अंक

झ) शिक्षक एवं कर्मचारी बैठक र समिक्षा बैठक कम्तिमा महिनामा १ पटक- १ अंक

ञ) वि.ब्य.स. बैठक २ महिनामा कम्तीमा १ पटक- १ अंक

ट) लेखा परीक्षण प्रतिवेदन- २ अंक

ठ) सामाजिक परीक्षण प्रतिवेदन- २ अंक

ड) शिक्षक अभिभावक संघ बैठक ३ महिनामा कम्तिमा १ पटक- १ अंक
ढ) अभिभावक भेला- १ अंक
ण) फिडर विद्यालय सुधार गर्न गरेको योगदान- १ अंक
त) बेरुजू फछ्यौट प्रगति - २ अंक

- १०० प्रतिशत भएमा- २ अंक
- ५० प्रतिशत भएमा- १ अंक

**६.३. शिक्षक पुरस्कार लागि शिक्षक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ।**

क) तहगत विद्यार्थी सिकाई उपलब्धि- ६० अंक

कक्षा ३, ५, ८ र SEE मध्ये उच्चतम कक्षाका आधारमा सिकाई उपलब्धी औसत GPA वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भेरेर प्रमाण संलग्न गरी प्र.अ.ले प्रमाणित गरी पठाउने।)

- अध्यापन गरेको मुख्य विषय (हप्ताको कम्तीमा ४ पिरीयड ) को विद्यार्थीहरुको औसत विद्यार्थी सिकाइ उपलब्धि (औसत GPA x १५ अंक)

ख) उपस्थिति र नियमितता- १० अंक

प्रधानाध्यापकबाट प्रमाणित प्रमाण पेश गर्ने

- २०० दिन भन्दा बढी उपस्थित भए-१० अंक
- १८१-२०० दिन उपस्थित भए – ८ अंक
- १६१-१८० दिन उपस्थित भए- ७ अंक
- १५१-१६० दिन उपस्थित भए- ६ अंक
- १६० दिन भन्दा कम उपस्थित भए- ५ अंक

ग) प्र.अ.को मुल्याङ्कन- १० अंक

- अनुशासन- २ अंक
- परिचय पत्र, पोशाक र समयपालन- २ अंक
- सिर्जनशिलता- २ अंक
- गृहकार्य परीक्षण-२ अंक
- समुह कार्य- २ अंक

घ) वि.ब्य.स. को मुल्याङ्कन- १० अंक (प्र.अको मुल्याङ्कन र तहगत सिकाई उपलब्धीलाई आधार बनाउनुपर्ने)

ङ) शिक्षा शाखाको मुल्याङ्कन- १० अंक

- नगरस्तरीय प्रतिस्पर्धामा प्राप्त पुरस्कार- २ अंक
- निशुल्क अतिरिक्त कक्षा संचालन- १.५ अंक
- शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग- १.५ अंक
- शिक्षण सिकाइमा ICT को प्रयोग- १.५ अंक
- विषयगत शैक्षिक सुधार योजना- १ अंक
- TIP निर्माण र प्रयोग- १ अंक
- अतिरिक्त क्रियाकलाप- १.५ अंक

**६.४. बाल बिकास सहजकर्ता पुरस्कारका लागि बाल बिकास सहजकर्ता छनौट गर्दा निम्न आधारमा मूल्याङ्कन गरिनेछ।**

क) नगरपालिकास्तरीय तालिममा सहभागिता- ५ अंक

ख) बालमैत्री कक्षाकोठा व्यवस्थापन- २५ अंक

(प्र.अले मूल्याङ्कन गर्ने तथा शिक्षा शाखाले पुनरावलोकन गर्ने)

ग) उपस्थिति र नियमितता- २० अंक

प्र.अ. र वि.व्य.स अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने

- २०० दिन भन्दा बढी उपस्थित भए- २० अंक
- १८१-२०० दिन उपस्थित भए- १६ अंक
- १६१-१८० दिन उपस्थित भए- १४ अंक
- १५१-१६० दिन उपस्थित भए- १२ अंक
- १६० दिन भन्दा कम उपस्थित भए- १० अंक

घ) प्र.अ.को मुल्याङ्कन- १० अंक

- अनुशासन- २ अंक
- परिचय पत्र, पोशाक र समयपालन- २ अंक
- सिर्जनशिलता- २ अंक
- बालमैत्री वातावरणमा मनोरञ्जनात्मक कक्षा- २ अंक
- जिम्मेवारी वहन गर्ने क्षमता- २ अंक

ङ) वि.ब्य.स को मुल्याङ्कन- १५ अंक

च) शिक्षा शाखाको मुल्याङकन- १० अंक

- शिक्षण सिकाइमा शैक्षिक सामाग्रीको प्रयोग- २.५ अंक
- नेतृत्व सीप- २.५ अंक
- सिर्जनशिलता- २.५ अंक
- भिडियो सामाग्री- २.५ अंक

छ) नगरस्तरीय प्रतिस्पर्धामा प्राप्त पुरस्कार- ५ अंक

(प्रथम- ५ अंक, द्धितीय- ४ अंक, तृतीय- ३ अंक र सहभागिता- २ अंक)

ज) विद्यार्थी र समुदायसँगको व्यवहार- ५ अंक (वि.ब्य.सबाट मुल्याङ्कन गर्ने)

झ) शिक्षण सिकाइमा ICT को प्रयोग- ५ अंक (शिक्षा शाखाबाट मुल्याङ्कन गर्ने)

**६.५. कर्मचारी पुरस्कारको लागि कर्मचारी छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ।**

क) उपस्थिति र नियमितता- २० अंक

(प्र.अ. बाट प्रमाणित प्रमाण पेश गर्ने)

- २०० दिन भन्दा बढी उपस्थित भए- २० अंक
- १८१-२०० दिन उपस्थित भए – १६ अंक
- १६१-१८० दिन उपस्थित भए- १४ अंक

- १५१-१६० दिन उपस्थित भए- १२ अंक
- १६० दिन भन्दा कम उपस्थित भए- १० अंक

ख) प्र.अ.को मुल्याङ्कन- २० अंक

- जिम्मेवारी बहन गर्ने क्षमता- ५
- अनुशासन- ५
- आज्ञापालना- २
- कर्तव्यनिष्ट- २
- सृजनशिलता- २
- जागरुकता- २
- तत्परता- २

ग) वि.ब्य.सको मुल्याङ्कन- २० अंक

(नियमिता र प्र.अ.को मुल्याङ्कनलाई समेत आधार लिनुपर्नेछ।)

घ) शिक्षा शाखाको मुल्याङ्कन- २० अंक

(नियमिता र प्र.अ.को मुल्याङ्कनलाई समेत आधार लिनुपर्नेछ।)

ङ) विद्यालय हाता सरसफाई/ लेखा प्रणालीमा शुद्धता र दक्षता- २० अंक (दफा ५ (घ) को समितिद्धारा मुल्याङ्कन हुने)

**६.६. विद्यार्थी पुरस्कार लागि छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ।**

क) शैक्षिक सिकाई उपलब्धी- ५० अंक

- ३.६१ देखि ४.०० सम्म GPA प्राप्त गरेमा- ५० अंक
- ३.२१ देखि ३.६० सम्म GPA प्राप्त गरेमा- ४५ अंक
- २.८१ देखि ३.२० सम्म GPA प्राप्त गरेमा- ४० अंक
- १.४१ देखि २.८० सम्म GPA प्राप्त गरेमा- ३५ अंक
- १.४० भन्दा कम GPA प्राप्त गरेमा- ३० अंक

ख) अतिरिक्त क्रियाकलापमा सहभागिता- २५ अंक

(सि.न. १ र २ को प्रधानाध्यापक र कक्षा शिक्षकद्धारा मुल्याङ्कन हुने तथा सि.न. ४ देखि ७ सम्मको मुल्याङ्कन दफा ५ (घ) को समितिद्धारा हुने।)

१. विद्यालय भित्रको अतिरिक्त क्रियाकलापका एकल विधामा भाग लिइएमा-१० अंक

२. विद्यालय भित्रको अतिरिक्त क्रियाकलापका अन्य बहुविधामा भाग लिइएमा- ५ अंक

३. पालिकास्तरीय अतिरिक्त क्रियाकलापमा दुई विधामा प्रथम स्थान हाँसिल गरेमा-१० अंक

४. पालिकास्तरीय अतिरिक्त क्रियाकलापमा एक विधामा प्रथम र अर्को विधामा द्धितीय स्थान हाँसिल गरेमा- ८ अंक

५. पालिकास्तरीय अतिरिक्त क्रियाकलापमा दुई विधामा द्धितीय स्थान हाँसिल गरेमा- ६ अंक

६. पालिकास्तरीय अतिरिक्त क्रियाकलापमा एक विधामा द्धितीय स्थान हाँसिल गरेमा- ५ अंक

७. पालिकास्तरीय अतिरिक्त क्रियाकलापमा एक विधामा तृतीय स्थान हाँसिल गरेमा- ४ अंक

ग) नेतृत्व सीप- ५ अंक (प्रधानाध्यापक र कक्षा शिक्षकद्धारा मुल्याङ्कन हुने)

घ) अन्य पालिकामा भएको पालिकास्तरीय प्रतिस्पर्धा- ५ अंक

- ❖ कुनै दुई विधामा प्रथम स्थान हाँसिल गरेमा- ५ अंक
- ❖ कुनै एक विधामा प्रथम र अर्को विधामा द्धितीय स्थान हाँसिल गरेमा- ४ अंक
- ❖ कुनै एक विधामा प्रथम र अर्को विधामा तृतीय स्थान हाँसिल गरेमा- ३ अंक
- ❖ कुनै दुई विधामा द्धितीय स्थान हाँसिल गरेमा- २ अंक
- ❖ कुनै दुई विधामा तृतीय स्थान हाँसिल गरेमा- २ अंक

ङ) अनुसाशन- १० अंक (प्रधानाध्यापक र कक्षा शिक्षकद्धारा मुल्याङ्कन हुने)

च) हाजिरी- ५ अंक (प्रधानाध्यापक र कक्षा शिक्षकद्धारा मुल्याङ्कन हुने)

**६.७. वि.ब्य.स. अध्यक्ष, सदस्य, शिक्षाप्रेमी, शि.अ.स. पुरस्कार छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ।**

क) विद्यालयले प्राप्त गरेको अंकको ४० प्रतिशत

ख) प्रधानाध्यापकले प्राप्त गरेको अंकको २० प्रतिशत

ग) शिक्षकले प्राप्त गरेको औषत अंकको १० प्रतिशत

घ) बाल बिकास सहजकर्ताले प्राप्त गरेको पुरस्कारको ५ प्रतिशत

ङ) विद्याल कर्मचारीले प्राप्त गरेको पुरस्कारको ५ प्रतिशत

च) फिडर विद्यालयको अवस्था/योगदान ५ प्रतिशत

छ) व्यवस्थापकीय कार्य र नवप्रर्वद्धनात्मक कार्य १५ प्रतिशत

**७. यस परिच्छेदको मुल्याङ्कन आधारहरुको लागि तथ्याङ्क संकलन तथा मुल्याङ्कनको लागि अनुसूची-१ बमोजिमको फाराम तथा निर्देशनको प्रयोग गर्नु पर्नेछ।**

**८. कार्य सम्पादन मूल्याङ्कन र प्रोत्साहन रकम आवद्ध गर्ने:**

१. यो मापदण्ड बमोजिम पुरस्कृत हुने, नहुने र पुरस्कारमा सहभागि नहुने विद्यालय, प्र.अ., शिक्षक, बाल बिकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यसम्पादनको अवस्थालाई प्र.अ, शिक्षक, बाल बिकास सहजकर्ता, विद्यालय कर्मचारीको वार्षिक कार्यसम्पादन मुल्याङ्कनसँग आवद्ध गरिनेछ।

२. विद्यालयलाई प्रोत्साहन दिइने रकम समेत यही मापदण्डको आधारमा हुनेछ।

## परिच्छेद-५
## संशोधन, बचाउ र खारेजी

**८. संशोधन, बचाउ र खारेजी:**

क) यो मापदण्ड संशोधन वा खारेज गर्न आवश्यक देखेमा नगर सभाको संशोधन वा खारेज गर्न सक्नेछ।

ख) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, राइनास नगरपालिकामा विद्यालय शिक्षा व्यवस्थापन गर्न बनेको नगर शिक्षा कार्यविधि, २०७५ बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ।

**अनुसूची-१**
**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

नगर कार्यपालिकाले स्वीकृत गरी लागु गरेको राइनास नगरपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७९ अनुसार पुरस्कार तथा सम्मानका लागि विद्यालयले भर्ने

## शैक्षिक पुरस्कार तथा सम्मान मूल्याङ्कन फाराम

विद्यालयको नामः
ठेगानाः

**क) विद्यालयको मुल्याङ्कनका लागि**

अ) तहगत औसत सिकाइ उपलब्धि

| कक्षा-३ | | कक्षा-५ | | कक्षा-८ | | कक्षा-१० (SEE) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) |
| | | | | | | | |

वडा अध्यक्षको सहीः
बि.ब्य.स. अध्यक्षको सहीः
शिक्षक अभिभावक संघ अध्यक्षको सहीः
प्रधानाध्यापकको सहीः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | तहगत विद्यार्थी सिकाई उपलब्धि | ४८ | | | |
| २. | वाह्य क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागिता | | | | |
| | शैक्षिक मेला तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | ४ | | | |
| | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ४ | | | |
| | नगरस्तरीय अन्य प्रतिस्पर्धा | ७ | | | |
| ३. | क्यालेन्डरको कार्यान्वयन, सन्दर्भ सामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजना अनुसार अध्यापन | | | | |

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| | क्यालेन्डरको कार्यन्वयन | ४ | | | |
| | सन्दर्भ सामाग्रीको प्रयोग | ४ | | | |
| | वार्षिक पाठयोजना निर्माण र प्रयोग | ४ | | | |
| | शैक्षिक योजना अनुसार अध्यायपन | ४ | | | |
| | औषत विद्यालय खुल्ने दिन | ४ | | | |
| ४. | भौतिक व्यवस्थापन | १ | | | |
| ५. | हाता व्यवस्थापन र सरसफाइ | १ | | | |
| ६. | कक्षाकोठा व्यवस्थापन | १ | | | |
| ७. | वातावरणीय व्यवस्थापन र सौन्दर्यता | २ | | | |
| ८. | फूलबारी व्यवस्थापन | १ | | | |
| ९. | प्र.अ. तथा शिक्षक पुरस्कार संख्या | | | | |
| १०. | प्रधानाध्यापक | १ | | | |
| | विद्यालय व्यवस्थापन समिति | १ | | | |
| | शिक्षक अभिभावक संघ | १ | | | |
| | शिक्षक | १ | | | |
| | विद्यार्थी | १ | | | |
| | बाल बिकास सहजकर्ता | १ | | | |
| ११. | विद्यार्थी शिक्षक पोशाक र परिचय पत्र | ५ | | | |
| | जम्मा | १०० | | | |

# अनुसूची-२
## (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
## प्रधानाध्यापकको मुल्याङ्कनका लागि

प्रधानाध्यापकको नामः

विद्यालयको नाम ठेगानाः

अ) तहगत औसत सिकाइ उपलब्धि

| कक्षा-३ | | कक्षा-५ | | कक्षा-८ | | कक्षा-१० (SEE) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) |
| | | | | | | | |

आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी भएको दिन | काज गएको दिन | जम्मा रुजू हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको सहीः

बि.ब्य.स अध्यक्षको सहीः

शिक्षक अभिभावक संघ अध्यक्षको सहीः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | तहगत विद्यार्थी सिकाई उपलब्धि | ५० | | | |
| २. | उपस्थिति र नियमितता | १० | | | |
| ३. | योजना (५ वर्षे, १ वर्षे दुवै) निर्माण र योजना कार्यान्वयनको अवस्था | ५ | | | |
| ४. | करार सम्झौता र कार्यान्वयनको अवस्था | ३ | | | |
| ५. | अनुशासन, पारदर्शिता र समुह व्यवस्थापन | ५ | | | |
| ६. | शिक्षा शाखाको मुल्याङ्कन | | | | |
| | शिक्षक पुरस्कार संख्या | २ | | | |
| | नियमित प्र.अ. बैठकमा उपस्थित | २ | | | |
| | नेतृत्व क्षमता | २ | | | |
| | नवप्रवर्द्धन र सिर्जनशिलता | २ | | | |
| | विद्यालय व्यवस्थापन समिति समयमा गठन | १ | | | |
| | शिक्षक अभिभावक संघ समयमा गठन | १ | | | |
| ७. | विद्यालय मुल्याङ्कनको अवस्था | ५ | | | |
| ८. | योजना कार्यान्वयन | १ | | | |
| ९. | शिक्षक कर्मचारी बैठक र समिक्षा बैठक कम्तिमा महिनामा १ पटक | १ | | | |
| १०. | वि.ब्य.स. बैठक २ महिनामा १ पटक | १ | | | |
| ११. | लेखा परीक्षण प्रतिवेदन | २ | | | |
| १२. | सामाजिक परीक्षण प्रतिवेदन | २ | | | |
| १३. | शिक्षक अभिभावक संघ बैठक ३ महिनामा १ पटक | १ | | | |
| १४. | अभिभावक भेला | १ | | | |
| १५. | फिडर विद्यालय सुधार गर्न गरेको योगदान | १ | | | |
| १६. | बेरुजू फछ्यौट प्रगति | २ | | | |
| | जम्मा | १०० | | | |

**अनुसूची-३**

**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

**शिक्षकको मुल्याङ्कनका लागि (एक जना शिक्षकका लागि एउटा फाराम प्रयोग गर्नुहोस ।)**

शिक्षकको नामः

विद्यालयको नाम ठेगानाः

अ) तहगत औसत सिकाइ उपलब्धि

| कक्षा-३ | | कक्षा-५ | | कक्षा-८ | | कक्षा-१० (SEE) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) |
| | | | | | | | |

नोटः शिक्षकले अध्यापन गर्ने सम्बन्धित कक्षाको उल्लेखित कुनै एक मुख्य विषयको सैद्धान्तिकको मात्र भर्ने ।

आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी भएको दिन | काज गएको दिन | जम्मा रुजू हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको सहीः

बि.ब्य.स. अध्यक्षको सहीः

शिक्षक अभिभावक संघ अध्यक्षको सहीः

प्रधानाध्यापकको सहीः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | तहगत विद्यार्थी सिकाई उपलब्धि | ६० | | | |
| २. | उपस्थिति र नियमितता | १० | | | |
| ३. | प्र.अ.को मुल्याङ्कन | | | | |
| ४. | अनुशासन | २ | | | |
| | परिचय पत्र र समय पालना | २ | | | |
| | सिर्जनशिलता | २ | | | |

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| | गृहकार्य परीक्षण | २ | | | |
| | समुह कार्य | २ | | | |
| ५. | वि.ब्य.स को मुल्याङ्कन | १० | | | |
| ६. | शिक्षा शाखाको मुल्याङ्कन | | | | |
| | नगरस्तरीय प्रतिस्पर्धामा प्राप्त पुरस्कार | २ | | | |
| | निशुल्क अतिरिक्त कक्षा संचालन | १.५ | | | |
| | शिक्षण सिकाइमा शैक्षिक सामाग्रीको प्रयोग | १.५ | | | |
| | शिक्षण सिकाइमा ICT को प्रयोग | १.५ | | | |
| | विषयगत शैक्षिक सुधार योजना निर्माण | १ | | | |
| | TIP निर्माण र प्रयोग | १ | | | |
| | अतिरिक्त क्रियाकलाप | १.५ | | | |
| | जम्मा | १०० | | | |

**अनुसूची-४**
**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**
**बाल बिकास सहजकर्ता मुल्याङ्कनको लागि**

बाल बिकास सहजकर्ताको नामः
विद्यालयको नाम र ठेगानाः

अ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी भएको दिन | काज गएको दिन | जम्मा रुजू हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको सहीः
बि.ब्य.स. अध्यक्षको सहीः
शिक्षक अभिभावक संघ अध्यक्षको सहीः
प्रधानाध्यापकको सहीः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | नगरपालिकास्तरीय तालिममा सहभागिता | ५ | | | |
| २. | बालमैत्री कक्षा व्यवस्थापन | २५ | | | |
| ३. | उपस्थिति र नियमितता | २० | | | |
| ४. | प्र.अ.को मुल्याङ्कन | | | | |
| | अनुशासन | २ | | | |
| | परिचय पत्र र समय पालना | २ | | | |
| | सिर्जनशिलता | २ | | | |
| | गृहकार्य परीक्षण | २ | | | |
| | जिम्मेवारी वहन गर्ने क्षमता | २ | | | |
| ५. | वि.ब्य.स को मुल्याङ्कन | १५ | | | |
| ६. | शिक्षा शाखाको मुल्याङ्कन | | | | |
| | शिक्षण सिकाइमा शैक्षिक सामाग्रीको प्रयोग | २.५ | | | |
| | नेतृत्व सीप | २.५ | | | |
| | सिर्जनशिलता | २.५ | | | |
| | भिडियो सामाग्री | २.५ | | | |
| ७. | नगरस्तरीय प्रतिस्पर्धामा प्राप्त पुरस्कार | ५ | | | |
| ८. | विद्यार्थी र समुदायसँगको व्यवहार | ५ | | | |
| ९. | शिक्षण सिकाइमा ICT को प्रयोग | ५ | | | |
| | जम्मा | १०० | | | |

**अनुसूची-५**

**(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)**

**कर्मचारी मुल्याङ्कनको लागि**

कर्मचारीको नामः

विद्यालयको नाम र ठेगानाः

अ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी भएको दिन | काज गएको दिन | जम्मा रुजू हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

वडा अध्यक्षको सहीः

बि.ब्य.स. अध्यक्षको सहीः

शिक्षक अभिभावक संघ अध्यक्षको सहीः

प्रधानाध्यापकको सहीः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | उपस्थिति र नियमितता | २० | | | |
| २. | प्र.अ.को मुल्याङ्कन | | | | |
| | जिम्मेवारी बहन गर्ने क्षमता | ५ | | | |
| | अनुशासन | ५ | | | |
| | आज्ञापालना | २ | | | |
| | कर्तव्यनिष्ट | २ | | | |
| | सृजनशिलता | २ | | | |
| | जागरुकता | २ | | | |
| | तत्परता | २ | | | |
| ३. | वि.ब्य.स को मुल्याङ्कन | २० | | | |
| ४. | शिक्षा शाखाको मुल्याङ्कन | २० | | | |
| ५. | विद्यालय हाता सरसफाइ/लेखा प्रणालीमा शुद्धता र दक्षता | २० | | | |
| | जम्मा | १०० | | | |

**अनुसूची-६**
**(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)**
**विद्यार्थी मुल्याङ्कनको लागि**

विद्यार्थीको  नामः
विद्यालयको नाम र ठेगानाः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | शैक्षिक सिकाई उपलब्धी | ५० | | | |
| २. | अतिरिक्त क्रियाकलापमा सहभागिता | २५ | | | |
| ३. | नेतृत्व सिप | ५ | | | |
| ४. | अन्य पालिकामा भएको प्रतिस्पर्धा | ५ | | | |
| ५. | अनुसाशन | १० | | | |
| ६. | हाजिरी | ५ | | | |
| | जम्मा | १०० | | | |

बि.ब्य.स. अध्यक्षको सहीः
शिक्षक अभिभावक संघ अध्यक्षको सहीः
प्रधानाध्यापकको सहीः

**अनुसूची-७**

**(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)**

**विद्यालय व्यवस्थापन समिति, शिक्षा प्रेमी र शिक्षक अभिभावक संघको मुल्याङ्कनको लागि**

नामः

विद्यालयको नामः

**मूल्याङ्कन तालिका**

| क्र.स. | विवरण | पूर्णाङ्क | प्राप्तांक | मुल्याङ्कन कर्ता | मुल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १. | विद्यालयले प्राप्त गरेको अंकको ४० प्रतिशत | ४० | | | |
| २. | प्रधानाध्यापकले प्राप्त गरेको अंकको २० प्रतिशत | २० | | | |
| ३. | शिक्षकले प्राप्त गरेको औषत अंकको १० प्रतिशत | १० | | | |
| ४. | बाल बिकास सहजकर्ताले प्राप्त गरेको पुरस्कारको ५ प्रतिशत | ५ | | | |
| ५. | विद्यालय कर्मचारीले प्राप्त गरेको पुरस्कारको ५ प्रतिशत | ५ | | | |
| ६. | फिडर विद्यालयको अवस्था/योगदान | ५ | | | |
| ७. | व्यवस्थापकीय कार्य र नवप्रर्वद्धनात्मक कार्य | १५ | | | |
| | जम्मा | १०० | | | |

**फाराम भर्ने निर्देशनः**

१. पुरस्कार तथा सम्मानका लागि विद्यालयले अनिवार्य रुपमा फाराम भरी सिफारिस गरी तोकिएको मिति भित्र नगरपालिकामा पठाउनु पर्नेछ ।

२. सिफारिस सहितको फाराम भरी प्रमाणित गरेर प्र.अ. र वि.ब्य.स अध्यक्षले मुल्याङ्कन गर्ने ठाउँमा प्राप्तांक चढाई हस्ताक्षर गरी पठाउनु पर्नेछ ।

३. प्र.अ. र शिक्षकको नाम सिफारिस गर्दा सम्बन्धित तह र विषयको मार्क्स लेजर प्रमाणित गरी फाराम साथ नत्थी गर्नुपर्नेछ ।

४. कुनै पनि पुरस्कार तथा सम्मानका लागि सहभागी हुने, माग दाबी तथा सिफारिस गर्ने विद्यालयले अनिवार्य रुपमा विद्यालयको मुल्याङ्कन फाराम (क) को तहगत औसत सिकाइ उपलब्धि फाराम भर्नुपर्नेछ ।

५. प्र.अ, शिक्षक, बाल बिकास सहजकर्ता र कर्मचारीको नाम सिफारिस गर्दा फाराममा उल्लेखित उपस्थिति विवरण अनिवार्य भर्नुपर्नेछ ।

६. एक भन्दा बढी शिक्षकहरुको नाम सिफारिस गर्नुपर्दा प्रत्येक शिक्षकको अलग अलग फाराम भरेर पेश गर्नुपर्नेछ । साथै प्र.अ., शिक्षक, बाल बिकास सहजकर्ता, कर्मचारी, वि.ब्य.स, शि.अ.स, शिक्षाप्रेमी मध्ये नाम सिफारिस भएजति सबैको अलग अलग फाराम भरेर मुल्याङ्कन गरी पठानु पर्नेछ ।

७. उत्कृष्ट विद्यालय तथा विद्यार्थी पुरस्कारका लागि दाबी गर्ने विद्यालयले प्रमाण सहित माग दाबी गर्नु पर्नेछ ।

आज्ञाले
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत